**DRISHTIKON**, 15(1), RMC, MMC, DHARAN, ISSN: 2382-5456, 2025.

# चयनका आधारमा चरीमाई उपन्यासको विश्लेषण

**नारायणप्रसाद पन्थ, विद्यावारिधि[1] तथा ईश्वरा पौडेल[2]**

[1]प्रधान लेखक

उपप्राध्यापक

नेपाली विभाग

बुटवल बहुमुखी क्याम्पस, बुटवल, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: panthanarayan25@gmail.com

[2]सहलेखक

उपप्राध्यापक

नेपाली विभाग

डिग्री क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: ishwaraojha@gmail.com

https://doi.org/10.3126/dristikon.v15i1.77145

**लेखसार**

प्रस्तुत लेखमा चयनका आधारमा *चरीमाई* उपन्यासको विश्लेषण गरिएको छ । *चरीमाई* अन्जना पौडेल अनुश्रुतीद्वारा लेखिएको उपन्यास हो । यस लेखको मुख्य उद्देश्य चयनका आधारमा चरीमाई उपन्यासको विश्लेषण गर्नु हो । यसमा प्राथमिक सामग्रीका रूपमा *चरीमाई* उपन्यासलाई लिइएको छ भने पुस्तकालय कार्यबाट पुस्तक, पत्रपत्रिका, शोधपत्र तथा लेखरचननहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी वर्णनात्मक विधिको प्रयोगद्वारायो  लेख तया गरिएको छ । लेखमा चयनका सान्दर्भिक प्रयोगको विश्लेषण गरिएको छ । चयनले उपन्यासको बाह्य सौन्दर्य बढाउनुका साथै भावगत गहनतालाई जीवन्त तुल्याएको छ । चयनको सार्थक प्रयोगले उपन्यासको भाव र अर्थपक्ष सौन्दर्यपूर्ण बनेको छ । प्रतीकात्मक, लक्ष्यार्थ, व्यञ्जनामूलक भाषिक चयनले उपन्यासमा आकर्षण थप्नुका साथै प्रस्तुतीमा सौन्दर्य बढाएको छ । उपन्यासमा ध्वनि, कोशीय, भाषिकागत, प्रयुक्ति, व्याकरणिक, आर्थी र लेख्यप्रक्रियागत तहमा विचलनका सान्दर्भिक प्रयोग गरिएका छन् । प्रतीकात्मक भाषिक प्रयोग गरी आर्थी विचलनद्वारा अभिव्यक्तिलाई आकर्षक तुल्याई लक्ष्यार्थ र व्यञ्जनामूलक भाषिक एकाइको प्रयोग गरिएको छ । प्रस्तुतिमा सौन्दर्य बढाउँदै उपन्यासलाई आकर्षक बनाइएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : अनुकरणात्मक, अविकारी पदचयन, चिह्नचयन, विकारी पदचयन

## विषयपरिचय

उपन्यास आख्यानको सबै भन्दा ठुलो संरचना हो । नेपाली उपन्यासमा देखापरेका सर्जकहरूमध्ये अन्जना पौडेल 'अनुश्रुति' एक नवप्रतिभा हुन् । उनको अध्ययन, अनुसन्धान र प्राध्यापनका साथै साहित्यसिर्जना, प्राज्ञिक र सिर्जनात्मक क्षेत्र रहेका छन् । साहित्यका विविध विधामा कलम चलाउने उनका हालसम्म चारओटा कृतिहरू प्रकाशित छन् भने एक दर्जन गीतहरू रेकर्ड भएका छन् । उनका प्रकाशित कृतिहरू जव *वेदना फुल बन्यो* (२०६०) *हिउँ खस्ने पर्वत* (२०६०), *आरु बारीको फुल* (२०७०), हाइकु सङ्ग्रह र *चरीमाई* (२०८०) उपन्यास हुन् ।

*चरीमाई* उनको चौथो कृति हो भने पहिलो उपन्यास हो । विषयवस्तुलाई नजिकबाट टिपेर साहित्यका माध्यमबाट प्रकाशनमा ल्याउनु, मानवीय समवेदनालाई केलाएर सिर्जनालाई जीवन्त बनाउनु, सामाजिक मूल्यमान्यताको चिरफार गर्नु उनका वैशिष्ठ्य हुन् । *चरीमाई* उपन्यास इन्डिगो डेस्कले प्रकाशन गरेको हो । यो उपन्यासमा शीर्षकीकरण नभएका ४१ भाग छन् भने २२४ पृष्ठको आयतनमा बाँधिएको छ । कथावस्तु र आयतनका दृष्टिले यो उपन्यास मझौला आकारको रहेको  छ । यसमा नेपालमा भुपेन्द्रले आफ्नो स्नातकोत्तरसम्मको पढाइ सकेर अमेरिकाको विश्वविद्यालयमा समाजशास्त्रमा विद्यावारिधिका लागि गएको र नेपालका आदिवासीहरूको अनुसन्धान गर्ने क्रममा उसले नेपालको नुवाकोट जिल्लामा अनुसन्धान गर्ने सन्दर्भमा भेटाएकी चरीमाईको जीवनभोगाइ र सङ्घर्षको जीवनवृत्तलाई विषयवस्तु बनाइएको छ । चरीमाईका माध्यमबाट सामाजिक रूपमा बहिष्कृत, धार्मिक रूपमा पाप र कानुनी रूपमा दण्डनीय अपराध मानिएको चेलीबेटी बेचविखनको अवस्थालाई प्रमुख मुद्दाका रूपमा उठाइएको छ । यसबाट समग्र नेपालको सामाजिक दुरावस्था, आर्थिक विपन्नता, भौगोलिक विकटता, राजनीतिक अस्थिरता, दण्डहीनता, अशिक्षा, गरिवी र वेरोजगारीजस्ता अवस्थाको जगमा चेलीबेटी बेचबिखन भइरहेको सन्दर्भ उल्लेख गरिएको छ । बेचिएका चेलीहरूले भोग्नुपरेका पीडा, वेदना तथा समाज परिवर्तनका लागि सङ्घर्षको अवस्थालाई उपन्यासमा देखाइएको छ । यस उपन्यासमा नेपालमा परिवर्तनका लागि भएका २००७ सालदेखि २०४६ सालसम्मका राजनैतिक आन्दोलन र .२०५२ सालमा भाएको माओवादी जनयुद्धले ल्याएको परिवर्तनले व्यवस्था परिवर्तन भएको तर जनताको अवस्था झन् दयनीय बन्दै गएको *चरीमाई* उपन्यासको कथावस्तुबाट छर्लङ्ग भएको छ । चेलीबेटी बेचबिखन विरुद्ध सरकारी तथा गैह्रसरकारी सङ्घसंस्था लागेका भए पनि कागजमा मात्र काम गर्ने प्रवृत्तिले समस्या रहेको स्पष्ट भएको छ । चरीमाईका माध्यमबाट चेलीबेटी बेचबिखन पहिलाकै अनुपातमा रहेको र स्वरूप मात्र परिवर्तन भएको कुरालाई सङ्केत गरिएको छ । ग्रामीण भेगबाट कसरी चेलीबेटीहरू दलालको पासोमा परेर बम्बैको कोठीसम्म पुग्छन् र नारकीय जीवन बिताउन बाध्य हुन्छन् भन्ने कुरालाई उपन्यासमा देखाइएको छ । यो चेलीबेटी बेचबिखनलाई कथावस्तु बनाइएको घटनाप्रधान, खोजमूलक, तथ्यपरक र सामाजिक यथार्थवादी उपन्यास हो । चेलीबेटी बेचबिखनको यथार्थ चिरफार, राजनैतिक पहुँच र आर्थिक सम्पन्नताका कारण अपराधबाट उम्कने समाजका अपराधीलाई खवरदारीको साक्षीका रूपमा *चरीमाई* उपन्यास रहेको छ ।

शैली विषयलाई प्रस्तुत गर्ने ढङ्ग, रीति वा तरिका हो । पूर्वीय र पाश्चात्य दुवैतर्फ शैलीविश्लेषण आआफ्नै तरिकाले हुँदै आएको पाइन्छ । संस्कृत साहित्यका भरतमुनि, भामह, पाणिनिलगायतले शैलीलाई विभिन्न तरिकाले अर्थ्याएको पाइन्छ । रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्तिलगायतका दृष्टिकोणलाई पनि शैलीकै रूपमा लिइन्छ । पश्चिमा साहित्यमा सर्वप्रथम शैलीको प्रयोग अरस्तुले गरेको पाइन्छ । आधुनिक भाषाविज्ञानका जन्मदाता फर्डिन्यान्ड सस्युरले सन् १९१६ मा Course in General Linguistics प्रकाशन गरेपछि शैलीविज्ञानले ठोस रूपमा आधार प्राप्त गरेको हो । भाषाको अध्ययन भाषावैज्ञानिक पद्धतिबाट गरिन्छ र साहित्य भाषाको विशिष्ट रूप भएकाले यसमा प्रयुक्त भाषाको पनि भाषावैज्ञानिक अध्ययन विश्लेषण गर्नुपर्छ भन्ने मान्यता यसपछि विकसित भएको हो । चार्ल्स ब्रुनो, मार्सल केसा, कोचे, लियो स्टिप्जरलगायत सिद्धान्तकारहरूको सिद्धान्तको समानान्तरतामा शैलीवैज्ञानिक अध्ययन अगाडि बढेको पाइन्छ । शैलीविश्लेषणले कृतिभित्र रहेको साधनको सूक्ष्म तरिकाले अध्ययन गर्दछ ।

प्रस्तुत अनुसन्धानमा *चरीमाई* उपन्यासको कृतिगत शैलीका आधारमा चयनका दृष्टिले विश्लेषण गरिएको छ । यस लेखमा *चरीमाई* उपन्यासमा प्रयुक्त भाषाको कृतिगत चयनसम्बन्धी अध्ययन गर्नु प्रमुख प्राज्ञिक समस्या रहेको छ । लेखको मुख्य उद्देश्य *चरीमाई* उपन्यासको चयनका आधारमा अध्ययन गर्नु हो । यस लेखमा २०८०

सालमा प्रकाशन भएको *चरीमाई* उपन्यासको चयनका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा *चरीमाई* उपन्यासको विश्लेषण गरिएको छ । यसमा *चरीमाई* उपन्यासको चयनका पूर्व सैद्धान्तिक अध्ययनसमेत जोडेर व्याख्या विश्लेषण गरिएको छ । पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरी सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा लिई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । यसमा *चरीमाई* उपन्यासको प्रभावकारी रूपमा भाषिक उपकरणको चयनको अवस्थालाई केलाइएको छ । *चरीमाई* उपन्यासमा चयनको अवस्था के कस्तो रहेको छ भन्ने शोधसमस्या र प्राज्ञिक जिज्ञासामा केन्द्रित रही अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ । यसबाट निकै थोरै मात्रामा चर्चा गरिएका उपन्यासमा चयनका दृष्टिले सैद्धान्तिक अवधारणाबाट *चरीमाई* उपन्यासको चयनका दृष्टिले विश्लेषणसम्बद्ध विविध सूचना वा जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ । *चरीमाई* उपन्यासको चयनका दृष्टिले विश्लेषणका बारेमा अध्ययन गर्न चाहने अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठक लाभान्वित हुने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

**सैद्धान्तिक अवधारणा**

शैली विशिष्ट भाषिक प्रयोग हो । यो भाषिक कलाका रूपमा रहेको साहित्य हो । भाषापरक तथा कलापरक पद्धतिका आधारमा भाषाविज्ञानको सहयोगबाट साहित्यको शैलीपरक अध्ययन गर्ने विधा शैलीविज्ञान हो । शैलीविज्ञान साहित्यिक कृतिको संरचना, बनोट र विश्लेषणद्वारा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्ने भाषाविज्ञानको नवीनतम् भाषावादी सिद्धान्त हो । "शैलीविज्ञानको कुनै रचनाकारको विशिष्ट रचनाप्रकार अथवा अभिव्यक्तिलाई खोतल्छ, विश्लेषण गर्छ र अन्तरनिहित कलासौन्दर्य र साहित्यकताको उद्घाटन गर्छ" (शर्मा, २०४८, पृ.१३) । "भाषाको अभिव्यक्ति वा सङ्कथनमा पाइने शैलीगत विविधतासम्बन्धी भाषावैज्ञानिक अध्ययनलाई शैलीविज्ञान भनिन्छ" (अधिकारी, २०६२, पृ.२६१) । यस प्रणालीलाई साहित्यिक शैलीविज्ञान, साहित्यिक भाषाविज्ञान, प्रयोगात्मक समीक्षा, भाषावैज्ञानिक साहित्य समालोचना, साहित्यको समालोचनात्मक व्याख्या, शैलीवैज्ञानिक आलोचना, साहित्यको सिर्जनात्मक आलोचना र साहित्यतर्फको वैज्ञानिक आलोचनालगायत नामबाट चिन्ने गरिन्छ (भण्डारी र पौडेल २०६३, पृ.१७२) । *शील* धातुबाट *शैली* शब्द व्युत्पन्न भएको हो । *शी* धातु एवम् *लक्* प्रत्ययको योगबाट व्युत्पन्न पनि मानिएको छ (शर्मा, २०६८, पृ. ५२२) । यसले कृतिको वाह्य तहबाट आन्तरिक तहसम्म पुगेर कृतिमा भएको अभिव्यक्ति सौन्दर्यको चिरफार गर्दछ । शैली विषयलाई प्रस्तुत गर्ने ढङ्ग वा तरिका हो । हिँडाइ, लवाइ र खवाइका आफ्नै तरिका भएजस्तै कृतिकारले पनि कृतिलाई प्रस्तुत गर्ने आफ्नै तरिका हुन्छन् । यो भाषाको अभिव्यक्तिमा पाइने शैलीगत विविधतासम्बन्धी भाषावैज्ञानिक अध्ययन हो । आधुनिक शैलीविज्ञान अत्याधुनिक युगमा विकसित भएको नवीनतम विधा हो । यो विधा पूर्व तथा पश्चिमको प्राचीन परम्पराको जगमा विकसित भएको हो । पूर्वमा यसको प्रारम्भ पूर्वीय साहित्यशास्त्रका ज्ञाता प्रथम चिन्तक भरतबाट भएको हो भने पश्चिममा पाश्चात्य काव्यशास्त्रका प्रथम महत्त्वपूर्ण विचारक प्लेटोबाट भएको मान्यता अगि सारिएको छ (शर्मा र लुइटेल, २०६७, पृ.२४३) । यसले अन्य कलाको नभएर भाषाका माध्यमबाट अभिव्यक्त कलाको विश्लेषण गर्दछ । आधुनिक युगमा भाषाविज्ञानले साहित्यिक भाषा वा काव्यभाषाको समेत अध्ययन गर्न थालेदेखि शैलीविज्ञानको प्रारम्भ मानिन्छ (शर्मा, २०६८,पृ. ५२३) । यसरी शैलीविज्ञानलाई भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा मानिएको छ । यो भाषाविज्ञान र साहित्यशास्त्रको मिलनबिन्दु हो । यो साहित्यिक समालोचनाको नवीनतम विधा हो । समालोचनाका क्षेत्रमा यो नवीनतम विधा, भाषावादी सिद्धान्त र पद्धति हो । यसले लेख्य भाषाका खण्डीय र खण्डेतर वर्ण, आक्षरिक व्याख्या, पद र पदावली, अनुच्छेद र पाठ सबै तहको अध्ययन गर्दछ । यसले कविता, आख्यान, नाटक तथा निबन्धहरूको विश्लेषणका लागि आवश्यक आधारहरूको पनि प्रयोग गरी भाषाका व्याकरण, शब्दभण्डार तथा वर्णव्यवस्थाका तहका प्रयोगको विश्लेषण गर्छ (बन्धु, २०७३,पृ. ३४९) ।

साहित्यिक कृतिका विविध संरचक घटकहरूको समष्टिगत प्रभावबाट यसको संरचनाको निर्माण भएको हुन्छ (लुइटेल, २०६२, पृ. ६०)। संरचना भनेको कुनै वस्तु (कृति) मा पाइने साना संरचक घटकहरूको कुल योग र त्यसभन्दा बढी अरू केही पनि हो; जस्तैः मानिस भन्नासाथ नाक, कान, मुख, हात, खुट्टा आदि विभिन्न लघु घटकहरूको कुल योग हो र सो कुल योगभन्दा बढी अरू केही हो (शर्मा, २०६८, पृ. ५२६)।

कृतिको साहित्यिक संरचनाभित्र त्यस संरचनाको निर्माण गर्ने सानातिना संरचक घटकहरू (बुनोट) को कुलयोग र त्यसभन्दा बढी अरू केही आउँछन् (लुइटेल, २०६२,पृ. ६१)। बनोट वा संरचना कृतिमा पाइने साना घटकहरूको कुलयोग हो (शर्मा, २०६८,पृ. ५२६)। कवितामा छन्द वा लय हुन्छन् भने कथामा घटनाका आरम्भ, मध्य र अन्त्य तथा द्वन्द्व र दृष्टिबिन्दु हुन्छन् (बन्धु, २०७३, पृ. ३४९)।

कृतिको आधारभूत संरचना तथा अर्थभन्दा पृथक बाह्य महत्त्व वा घटकलाई बुनोट भनिन्छ (लुइटेल, २०६२,पृ. ६३)। कृतिमा प्राप्त हुने अलङ्कारयोजना, छन्दविधान, प्रतीकव्यवस्था, बिम्वविधान, चरित्रकथन, घटनासंयोजन आदिको वर्णन विश्लेषण गरेर शैलीविज्ञानले बनोटको विवेचना गर्छ (शर्मा, २०६८,पृ. ५२६)। साहित्यिक विधाको बुनोट अलि बेग्लै खालको हुन्छ। यसमा बनोटका संरचक घटकहरूलाई बुन्ने काम हुन्छ (बन्धु, २०७३,पृ. ३४९)। शैलीको सम्बन्ध साहित्यिक कृतिको संरचना र भाषिक संरचनासँग हुन्छ। यी दुवैतिरका कुरा वा बिचमा एकैसाथ हुने सम्बन्धलाई शैली भनिन्छ (ढकाल, २०६७, पृ.४४)। यसरी कृतिको आफ्नो संरचना हुन्छ। बनोट वा संरचना कृतिमा पाइने साना घटकहरूको कुल योग हो। कुनै पनि वस्तुको दृष्टि पठनीय अंश वा अवयव बुनोट हो। संरचनाका विपरीत बुनोट रूपगत वा दृश्य वा पठनीय हुन्छ : जस्तै छन्द, अलङ्कार, बिम्ब, प्रतीक, कथानक, चरित्र आदिको सिर्जना। कृतिभित्रका भाषिक तहहरू ध्वनि, शव्द, व्याकरणलाई जोड्ने कार्य शैलीले गरेको हुन्छ।

भाषासंरचनाको श्रेणीक्रम वा सोपानक्रम रूपान्तरित भएर साहित्यिक संरचनाको क्रमश्रेणी बन्न पुग्छ। यस रूपान्तरणलाई विशिष्ट तर अमूर्त प्रक्रिया भनिन्छ (शर्मा, २०६८, पृ. ५२६)। शैलीअन्तर्गत चयन, अग्रभूमीकरण (विचलन र समानान्तरता) तथा प्रयुक्ति विविधता आउँछन् र यिनले शैलीको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन् (लुइटेल, २०६२,पृ. ६८)। यसरी भाषिक एकाइको कृतिमा सुव्यवस्थित र तात्पर्यमूलक प्रयोगका लागि गरिने छनोटलाई चयन भनिन्छ (लुइटेल, २०६२, पृ. ६८)। कृतिकारले उपलब्ध विकल्पमध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्छ; जस्तैः नेपाली शब्द तहमा स्त्रीलिङ्गलाई बुझाउने नारी, अवला, रमणी, सुन्दरी, कल्याणी, आइमाइ, स्वास्नी मानिस आदि विभिन्न विकल्पहरू उपलब्ध छन्। उपर्युक्त विकल्पमध्ये कुनै कृतिकारले कुनै एक सन्दर्भमा कुनै एक विकल्पको चयन गर्छ (शर्मा, २०६८, पृ. ५२७)। शैलीविज्ञानले यस्तो चयनको विशिष्टतालाई पहिल्याउने गर्दछ।

अग्रभूमीकरण शब्दले साहित्यिक कृतिको भाषिक वा व्याकरणिक एकाइभित्र विलक्षणता उत्पन्न गराई पाठकको ध्यानाकर्षण गर्दछ (लुइटेल, २०६२, पृ.७५)। रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष बल दिनु नै अग्रभूमिको निर्माण हो (शर्मा, २०६८,पृ. ५२७)। यो अङ्ग्रेजी शब्दको Foregrounding को नेपाली रूपान्तरण हो। अग्रभूमिनिर्माणका दुई प्रविधिमध्ये समानान्तरता महत्त्वपूर्ण पद्धति हो। यसलाई पुनरावृत्ति पनि भनिन्छ (लुइटेल, २०६२, पृ. ९७)। समानान्तरता भनेको बढी नियमितताको पालना हो (शर्मा, २०६८, पृ. ५२७)। पाठभित्र समानान्तरता धेरै किसिमले देखिन्छ। यो ध्वनि, शब्द, छन्द, अर्थ, रूप, वाक्य आदि भाषिक तहमा हुन्छ (बन्धु, २०७३, पृ.३५२)। एक वा एकभन्दा बढी शब्द, पद, समूह आदिको पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ। कृतिको अर्थ वा भावको तहमा देखिने समानान्तरतालाई आन्तरिक समानान्तरता भनिन्छ। यो कृतिको भाव वा अर्थको पुनरावृत्ति हो (गौतम, २०६६, पृ. ५५७)। यो अमूर्त स्वभावको हुन्छ। यसले कृतिको वाक्यात्मक तहमा

रहेको आन्तरिक पक्षलाई उजागर गर्दछ" (खनाल, २०७८, पृ.६९) । यसरी साहित्यिक कृतिको बाह्य अर्थात् आवरण पक्षमा हुने आवृतिलाई बाह्य समानान्तरता हो । यसभित्र वर्ण, मात्रा, छन्द र लयसम्म हुन्छ । बाह्य समानान्तरताले कृतिमा आकर्षण पैदा गर्छ । यसले कृतिको बाह्य सौन्दर्य बढाउनुका साथै अर्थमा जोड दिएको हुन्छ । कृतिगत भाषिक सौन्दर्यलाई र भावगत गहनतालाई जीवन्त तुल्याउन बाह्य समानान्तरता आवश्यक हुन्छ ।

शैलीविज्ञानले कृतिमा प्रयुक्त विविधताको विश्लेषण गर्दछ । उद्देश्य, विषय, माध्यम, सहभागी आदिअनुरूप उपयुक्त ढङ्गले गरिने भाषिक विविधताको प्रकारलाई प्रयुक्ति भनिन्छ (लुइटेल, २०६२, पृ. १११) । विषय र प्रयोगकर्ताअनुसार एउटै भाषाका पनि विभिन्न भेदहरू देखा पर्दछन् । यिनै भेदहरूलाई विविधता भनिन्छ (शर्मा, २०६८,पृ. ५२७) । उपर्युक्त प्रक्रियाबाट कृतिको विश्लेषण गरेर शैलीविज्ञानले रचनाको बाह्य तलबाट गहन तलमा प्रवेश गर्छ र गहन तलमा लुकेर रहेको वास्तविक सन्देशलाई प्राप्त गर्छ ।

भाषाका निश्चित नियमहरू हुन्छन् र भाषाको आफ्नै व्यवस्था पनि हुन्छ । भाषाको यही नियम र व्यवस्थामा बाँधिएको रूपलाई मानक वा प्रचलित रूप मानिन्छ । यस आधारमा भाषाको मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण वा व्यतिक्रमलाई विचलन भनिन्छ (गौतम, २०६६, पृ. ५३७) । यो समानान्तरताको विपरीत तत्त्व हो । उदाहरणका निम्ति आज त हिमाल मुसुक्क हाँस्यो' वाक्यमा अर्थतात्त्विक विचलन भएको छ । माथि उद्धृत वाक्यमा हिमालजस्तो अचेतनले हाँस्योजस्तो चेतनको कार्य नगर्ने हुँदा अर्थको अतिक्रमण भएर अर्थतात्त्विक विचलन भएको छ (शर्मा, २०६८, पृ. ५२७) । उच्चारणमा परम्पराभन्दा भिन्न तौरतरिका अपनाउँदा ध्वनितात्त्विक विचलन हुन्छ" (भुसाल, २०७८, पृ.१४०) लोकजीवनमा कथ्य रूपमा प्रचलनमा रहेका भाषिक तथा शाब्दिक स्वरूपहरूले पनि मूर्तता पाएका हुन्छन्" (खनाल, २०७८, पृ.७१) । क्षेत्रीय वा सामाजिक विभेदका अभिलक्षणहरूलाई आवश्यकताअनुसार प्रयोग गरी मानक रूपबाट विचलन पैदा गराउनुलाई भाषिकागत विचलन भनिन्छ । साहित्यिक कृतिमा पात्रअनुकुल चित्रण गर्ने क्रममा स्रष्टाले कथ्यगत र शब्दगत अभिलक्षणलाई साहित्यिक अभिव्यक्तिको उपकरणका रूपमा प्रयोग गरेको पाइन्छ (खनाल, २०७८, पृ.७३ ) । शब्दको प्रयोगमा निश्चित मानक लेखनलाई भङ्ग गरेर प्रस्तुत गर्ने प्रक्रिया नै लेख्य प्रक्रियात्मक विचलन हो (खनाल, २०७८, पृ.७७) । यसरी प्रयुक्तिले परिवेशअनुसार वक्ताले चयन गर्ने भाषाको छनोटलाई सङ्केत गर्दछ । औपचारिक रूपमा व्यक्त गर्नुपर्ने कुरालाई अनौपचारिक रूपमा र अनौपचारिक रूपमा व्यक्त गर्नुपर्ने कुरालाई औपचारिक रूपमा व्यक्त गर्दा वा एउटा सन्दर्भ र परिवेशमा प्रस्तुत गर्नुपर्ने कुरालाई अर्कै सन्दर्भ र परिवेशमा प्रस्तुत गर्दा प्रयुक्ति विचलन हुन्छ । लेखाइका सन्दर्भमा स्रष्टाले डिको दिने कार्यमा तलमाथि  गर्दछ । यसरी प्रचलन विपरीतको लेखन प्रक्रिया लेख्यप्रक्रियात्मक विचलन हो ।

व्याकरण व्यवस्था माथिल्लो तह हो भने शब्द व्यवस्था भाषाको तल्लो तह हो जुन भाषाको रूपपक्ष र आर्थी पक्षसँग घनिष्ट सम्बन्ध राख्दछ । शब्द व्यवस्थाअन्तर्गत रूपविज्ञान र अर्थविज्ञानका प्रक्रिया तथा प्रकार्यहरू पर्दछन् । "व्याकरण व्यवस्थालाई भाषाको माथिल्लो तह मानिन्छ । व्याकरणिक व्यवस्थालाई भाषा संरचक घटकहरूका सन्दर्भमा विश्लेषण र व्याख्याको सबैभन्दा माथिल्लो तह मानिन्छ" (लामिछाने, २०६५, पृ.१०६) । व्याकरण व्यवस्थाअन्तर्गत भाषिक रूप र वाक्यको अध्ययन गरिन्छ । भाषिक रूप अध्ययनका क्रममा शब्दमा रूपको संयोजन, सर्गको प्रयोग, रूपको विन्यासलगायत अन्वेषण गरिन्छ । वाक्य अध्ययनका क्रममा व्याकरणिक कोटिको व्यवहार तथा पदक्रमको अध्ययन गरिन्छ । भाषिक संरचनाभित्र भाषाका ध्वनि, शब्द हुँदै व्याकरण व्यवस्थासम्म पुग्नका लागि ध्वनि व्यवस्थादेखि वर्ण, रूप, शब्द, पदावली, उपवाक्य र वाक्य हुँदै अगाडि बढ्नुपर्छ । यस अध्ययनमा भाषाका संरचक घटकहरूलाई ध्वनि, शब्द र व्याकरण व्यवस्थाका रूपमा अध्ययन गरिएको छ ।

## शोध सामग्री तथा विधि

प्रस्तुत लेखमा गुणात्मक ढाँचा उपयोग गरिएको छ । यसमा विवरणात्मक रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई शैलीवैज्ञानिक सिद्धान्तको आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसमा साहित्यकार अन्जना पौडेलद्वारा रचना गरिएको *चरीमाई* उपन्यासको चयनका आधारमा अध्ययन गरिएको छ । यस उपन्यासलाई चयनका आधारमा अध्ययन गरिएको हुँदा *चरीमाई* उपन्यासको शैलीपक्ष नै यस अध्ययनको क्षेत्र रहेको छ । यसका लागि प्राथमिक र द्वितीय स्रोतबाट सामग्रीहरू सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीका रूपमा *चरीमाई* उपन्यासलाई लिएको छ । पुस्तकालयकार्यबाट पुस्तक, पत्रपत्रिका, शोधपत्रहरू तथा लेखरचननहरूलाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । चयनको अवस्था पत्ता लगाउन प्रस्तुत *चरीमाई* उपन्यासबाट भाषिक सामग्री लिइएको छ । यसमा *चरीमाई* उपन्यासको अध्ययन गरी शैलीविश्लेषणका उपकरणका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । उपन्यासमा उपयोग गरिएका भाषिक एकाइहरूको भाषिक र साहित्यिक दृष्टिकोणबाट अध्ययन गरिएको छ । अध्ययनका क्रममा वर्णनात्मक विधिबाट सङ्कलन गरिएका तथ्यहरूलाई शैलीवैज्ञानिक सिद्धान्तको आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

चयनका आधारमा *चरीमाई* उपन्यासको विश्लेषणमा आधारित भई तयार पारिएको यस लेखमा सैद्धान्तिक सामग्रीहरूको सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यलाई विभिन्न उपशीर्षकमा वर्गीकृत गरी व्याख्या विश्लेषण गरिएको छ।

**स्रोतका आधारमा शब्दचयन**

प्रस्तुत *चरीमाई* उपन्यासमा उपन्यासकारले प्रशस्त मात्रामा तत्सम् शब्दको प्रयोग गरेको पाइन्छ । उपन्यासमा प्रयोग गरिएका तत्सम शब्दहरू हुन् : *पूर्ववत* अवस्थामा ल्याउन साह्रै गाह्रो हुँदो रहेछ । (पृ.७), लक्ष्मीमाता *भगवान्* गाई भएरै बाँचिन् दुईदिनसम्म । (पृ.८), *सुदूर*बस्तीकाहरूको सपना छ सहरमा । (पृ.९), म गाडीको सिटमा बसेर हटाउन थाले आफ्नै *अतीतको* तलाउमा । (पृ.१३), *दुःखको पीडा* कस्तो हुन्छ भन्ने कुरा भोग्नेलाई मात्र थाहा हुन्छ । (पृ.२०), त्यहाँको विश्वविद्यालयले मलाई नेपालका *ग्रामीण* भेगमा डुलेर अनुसन्धान गर्नुपर्छ भनेको थियो । (पृ.३५), काठमाडौँको खाल्डोको *दृश्य* खाल्डोमा बसेर थाहा हुँदैन । (पृ.३६), म यस्तै एउटा *रहस्यको उद्‌घाटन गर्न* खोजिरहेको थिएँ । (पृ.४०), *सभ्यताको उषाकाल*मा यस्तो *संस्कार*को विकास कसरी भयो होला ? (पृ.४१), बाल्यकालका मेरै *पदचाप*हरूको बारेमा त्यति धेरै थाहा छैन । (पृ.४७), श्रीमान् श्रीमतीको *सम्बन्ध* कस्तो हुन्छ पनि थाहा थिएन । (पृ.५६), तर पापीहरूको *पञ्जामा* पर्दा उनले त्यो अवसर गुमाइन् । (पृ.१५४), *विशेष* गरेर मलाई *समाजशास्त्रतिर* रुचि थियो । (पृ.२०१), कतिपय कुराहरूको *ज्ञान* पढेर हुन्छ त कतिपय कुराहरूको *ज्ञान* परेर हुन्छ । (पृ.२०५) । यसरी तत्सम शब्दहरूले कृतिमा उत्कृष्टता थपेका छन् । उल्लिखित प्रयोगबाहेक उपन्यासमा प्रशस्त मात्रामा अन्य तत्सम शब्द प्रयोग गरिएका छन् ।

*चरीमाई* उपन्यासमा उपन्यासकारले यस शब्दस्रोतका आधारमा सबैभन्दा बढी मात्रामा तद्‌भव शब्दको प्रयोग गरेका छन् । यहाँ तद्‌भव शब्दहरू हुन् : *असारे झरि* उघ्रिएको बिहान । (पृ.७), *आमाले गाउँबाट* बाहिर पाइला राख्नु भएको थियो रे । (पृ.४५), चिसो मौसममा आलुहरू उसिनेर, *आगोमा* पोलेर खान्थ्यौं । (पृ.४८), गाउँमा म जस्तै अरू *छोरीहरू* पनि थिए । (पृ.५१), थाहा नपाएर नै *मान्छेको* जीवन सकिँदोरहेछ, जसरी मेरो बैसालु *उमेर* सकियो । (पृ.५१), हाम्रो *गाउँमा* मात्रै यस्तो चलन किन छ त *आमा* ? (पृ.५३), यो *गाउँमा छोरी* पाएका सबै खुसी छन्, सुखी छन् । (पृ.५३), मेरो मन त्यसै *अमिलो* भएर आयो । (पृ.५८), *बाटोमा* मलाई बान्ता भयो । (पृ.५९), उसको *ओठ रातो लालीले* रङ्गिएको हुन्थ्यो ।, (पृ.६३) म *मान्छेको गन्ध* थाहा पाउने भएकी थिएँ ।

(पृ.६४), *मान्छेको* जीवन सोचेको जस्तो पनि हुँदैन । (पृ.१५५) र भेटघाट *पातलो* बनाउन थाले । (पृ.२१२) यसरी उपन्यासमा प्रयोग गरिएका तद्‌भव शब्दहरूको चयन सहज रूपले गरेको देखिन्छ । उल्लिखित प्रयोगबाहेक उपन्यासमा प्रशस्त मात्रामा अन्य तद्‌भव शब्द प्रयोग गरिएका छन् ।

*चरीमाई* उपन्यासमा थुप्रै आगन्तुक शब्दको प्रयोग गरिएको देखिन्छ । यहाँ उपन्यासमा प्रयोग गरिएका आगन्तुक शब्दहरू हुन् : जिन्दगीको *स्टेरिङ* आफैँलाई थाहा छैन । (पृ.८), *कफिले* मान्छेको *मुड* पनि त *फ्रेस* गराउँछ । (पृ.१०), *बसपार्क* पुग्दा सात बज्न बीस *मिनेट* बाँकी थियो । (पृ.१०), *काउन्टर*भित्र मेरो अलिकति सामान थियो । (पृ.१०), *टिकट डबल* परेछ । (पृ.११), *ओके* भाइ *थ्याङ्क्यु* । (पृ.११), *सर,* काँसम्म पुग्नु हुन्छ ? (पृ.१२), दाइ *स्टार्ट* गर्दै गर्नु न । (पृ.१३), *कलेज* जीवन सकिएपछि मैले कुनै कुराको पनि मेसो पाउन सकेको थिएन । (पृ.१४), कुनै *प्रोजेक्टमा* भए पनि *जागिर* खानैपर्छ भन्ने थियो । (पृ.१४), गाउँका मान्छेहरूको *नम्बर* पनि थिएन । (पृ.१७), *लाईब्रेरी* नजिकैको फूलको बँगैचामा गएँ । (पृ.१७), *नेटवर्कको* समस्याले होला । (पृ.१९), नभए *आर्मीको ब्यारेक* कटेपछि हाल्दा नि हुन्छ । (पृ.२१), अलिअलि *ग्राभेल,* दौडियो गाडी धुलो उडाउँदै । (पृ.२७), भर्खरै *प्लस टु* कटाएकी युवती थिइन् उनी । (पृ.२७), त्यसलाई विषय बनाउँछु र आफ्नो कामको *रिपोर्ट* बनाउँछु । (पृ.२९), सानो *फ्रक* लगाएर म बाको पछिपछि लेकमा जान्थेँ । (पृ.४८), गाडीले *ब्रेक* हान्दा पनि मलाई घुमाउथ्यो । (पृ.५९), उसले मलाई *प्लेन* पनि देखायो । (पृ.६०), उ *स्कुलमा फस्ट* हुन थालेपछि दलालहरू चलमलाउन थालेका थिए । (पृ.१४९), सेना *पुलिस* पनि बाक्लै आउन थालेका थिए । (पृ.१५०), मेरी छोरी *क्याम्पस* पढ्ने भएकी थिई । (पृ.१५१) के विषयमा *थेसिस* लेख्ने विचार गरेका छौ ? (पृ.२०६), अनि *गाइड* को छ त ? (पृ.२०६), *प्रोफेसर* भनेका त ज्ञानको गंगा हो । यसरी आगन्तुक शब्दहरूको प्रयोगले कृति उत्कृट र सान्दर्भिक बनेको छ । उल्लिखित प्रयोगबाहेक उपन्यासमा प्रशस्त मात्रामा अन्य आगन्तुक शब्द प्रयोग गरिएका छन् ।

*चरीमाई* उपन्यासमा उपन्यासकारले प्रशस्त मात्रामा अनुकरणात्मक शब्द प्रयोग गरेका छन् । उपन्यासमा प्रयोग गरिएका अनुकरणात्मक शब्दहरू हुन् : एकछिन चुप लाग्यो र फेरी मेरो अनुहारमा हेरेर *फिस्स* हाँस्यो । (पृ.१२), घरी ढोकामा *ढ्यापढ्याप* हानेर यता हजुर यता भन्दै थियो । (पृ.१३), मैले उसको पिठ्युँमा हातले *थप्थपाउँदै* सान्त्वना दिने प्रयत्न गरेँ । (पृ.१९), सहचालक आएर ढोकामा हानेपछि पो *झल्याँस्स* भएँ । (पृ.२०), बिहानको गाडी भएर पनि होला मान्छेहरूले *खचाखच* भरियो । (पृ.२१), टुकी *धिप्पधिप्प* बलिरहेको थियो । (पृ.४४), पानी *कलकल* बगेका खोलाका किनारमा बाले बाँस र निगालाबाट चोयाँहरू निकाल्नुहुन्थ्यो । (पृ.४८), आफ्ना छोरीहरूलाई देखेर *घुटुक्क* थुक निल्थेँ । (पृ.५५), मन पिरो हुन्थ्यो अनि *बरर* आँसु खस्थ्यो । (पृ.९५), नजिकै बसेर *मुसुमुसु* हाँसिरहनु भएको थियो । (पृ.१७५), मेरो साथी सुरेस *मुसुमुसु* हाँसिरहनु भएको थियो । (पृ.१९४) । यसरी माथि उल्लेख गरिएकाबाहेक उपन्यासमा प्रशस्त मात्रामा अन्य अनुकरणात्मक शब्द प्रयोग गरिएका छन् ।

**विकारी पदको चयन**

*चरीमाई* उपन्यासमा चयन गरिएका विकारी नाम पदहरू यस्ता छन् : *कोठामा* म एक्लै छु । (पृ.१०), *आमाले* मेरो *अनुहारमा* हेर्दै भनिन् । (पृ.८८)*रात* झमक्क हुँदा हामी खोलेगाउँ पुग्यौँ । (पृ.११२), चरीमाईले लामो सुस्केरा हालिन् । (पृ.१४७), *कमानसिंह* भनेका त प्यादाहरू रहेछन् । (पृ.१५४), हाम्रो *देशमा* पनि *न्याय* छ । (पृ.१६७), *तादी नदीले* सदियौँदेखि आफ्नो सभ्यताको *गीत* गाईरहेको थियो । (पृ.१६७), आमाको *सपना* भनेको नै म थिएँ । (पृ.१७७) । यसरी उपन्यासमासन्दर्भ अनुसारका उपयुक्त नामपदहरू चयन गरिएका छन् । उल्लिखित प्रयोगबाहेक उपन्यासमा प्रशस्त मात्रामा अन्य नामपद शब्द प्रयोग गरिएका छन् ।

चरीमाई उपन्यासमा प्रयोग भएका सर्वनामको चयन यसरी गरिएको छ : *उनले झ्*याल तिर हेरिन् । (पृ.२५), *म* गाडीबाट झरेँ । (पृ.२८), *म* तुरुन्तै अमेरिका जानुपर्ने भयो । (पृ.२९), उनले आफ्ना दुबै हात जोडिन् । (

पृ.३१), *उनी* केही बोलेनन् । (पृ.८८), *तैले* सोँचेको जस्तो *म* गलत मान्छे हैन चरीमाई । (पृ.११३), **ऊ** मेरो सपनामा पनि आउँथ्यो । (पृ.१४७), *म तँ* भनेर त आएको हुँ चरीमाई । (पृ.१५५), *मलाई* यो पृथ्वी घुमाएको जस्तो लाग्यो । (पृ.१६७), यहाँ पनि *तिमी* पढाईमा एक नम्वर हुनुपर्छ । (पृ.१७५), साथीहरू आएपछि *हामी* उकालो लाग्यौँ । (पृ.१७८), *म* यो कुरा राम्रोसँग जान्थेँ । (पृ.१८३), *म* पनि ती धेरै कम साथीहरूमा पर्थें । (पृ.२०४), जो जो ले मित्रताको हात अगाडि बढाएका थिए तिनीहरूको उद्देश्य नोट माग्नु थियो । (पृ.२०५), *हामी सबै* जना मेहनत गर्न थाल्यौँ (पृ.२०९) । यसरी उपन्यासमा म, उहाँ, हामी, यहाँ आदिजस्ता सन्दर्भअनुसारका उपयुक्त सर्वनामपदहरू चयन गरिएका छन् । यसको साथै चरीमाई उपन्यासमा प्रशस्त मात्रामा अन्य सर्वनाम पदरूको चयन सान्दर्भिक तरिकाले गरिएको छ ।

*चरीमाई* उपन्यासमा प्रयोग भएका विशेषणको चयन यसरी गरिएको छ : वर्षमा *दुईतीनपल्ट* सम्म सहर आउँथे । (पृ.११६), जव ऊ विस्तारै *ठूली* हुँदै गई । (पृ.१४७), म लाजले *रातो* भएँ । (पृ.१७१), *नयाँ* साथीहरू होलान् । (पृ.१७७), करिब *दुई घण्टाको* बसाइपछि हामी छुट्टियौँ । (पृ.२०७), *यति धेरै* पढेर पनि विदेश किन जान भन्नु भयो । (पृ.२०९), *राम्रो र नराम्रो* अवधारणाको विकास हुन्छ । (पृ.२१५) यसरी उपन्यासमा विशेषण पदहरू चयन गरिएका छन् ।

चरीमाई उपन्यासमा प्रयोग गरिएका क्रियापदको चयन यसरी गरिएको छ : उहाँ सहयोगी *हुनुहुन्छ* । (पृ.३३), सबैले मलाई सकारात्मक *आश्वासन दिए* । (पृ.३३), अनि मेरो दोष छ त, उताबाट कमानसिंह *झोक्कियो* । (पृ.११८), सायद मैले पहिलो पल्ट कसैलाई यसरी प्रेम *गरेकी थिएँ* । (पृ.११८), ऊ त्यो कुरा प्रत्येक दिन मलाई सुनाउने *गर्थी* । (पृ.१४७), उनीहरूलाई म माओबादी होइन जस्तो लागेपछि मलाई *छोडिदिए* । (पृ.१५९), छोरा मान्छे रोएको *सुहाउँदैन* । (पृ.१७१), मेरो गाउँका अरु दुईजना साथीले पनि मलाई साथ *दिने भए* । (पृ.१७५), हामी जस्तै अरु पनि आफ्नो आफ्नो बाटो *लागे* । (पृ.१७९), यो सबै कुराले पनि उहाँलाई गाउँ छोड्न दिएन । (पृ.१८५), केही स्थानिय स्तरमा नेता भएका थिए । (पृ.२००), विद्यार्थीको चाप धेरै नै थियो । (पृ.२०२), जीवन भनेको नै सिकाईको एक लामो प्रक्रिया रहेछ । (पृ.२०५), उसको कुरामा रहस्य थियो । (पृ.२०६), आज भूतपूर्व विद्यार्थीहरूले मेरो दिमाग हल्लाएका थिए । (पृ.२०७), कति वेला आफ्नो कोठामा पुगेँ केही थाहा नै पाउन सकिनँ । (पृ.२०८) । यसरी उपन्यासमा पुगेँ, हुनुहुन्छ, लागेँ, थिएँ आदिजस्ता सन्दर्भ अनुसारका विविध किसिमका उपयुक्त क्रियापदहरू चयन गरिएका छन् । यसरी चरीमाई उपन्यासमा प्रशस्त मात्रामा क्रियापदरूको चयन सान्दर्भिक तरिकाले गरिएका छन् ।

**अविकारी पदको चयन**

चरीमाई उपन्यासमा चयन गरिएका अविकारी पदमध्ये नामयोगीहरू हुन् : बाटो*भरि* उनीहरूको अनुहार मेरो मनमा आइरहयो । (पृ.३५), एकछिन*पछि* भने मेरा बा र आमाले मलाई कसरी बेच्न सक्छन् ? (पृ.६६), तर म को *सँग* बोल्थेँ र ?, (पृ.९३) एक*पटक* मात्र मेरी आमाले मलाई छोरी भनेको सुन्ने रहर थियो । (पृ.९५), गुजारा नभए*पछि* मान्छेले बाँच्नका निम्ति अनेक उपाय खोज्दो रहेछ । (पृ.१००), घर*भरि* चोटामा मकैको थुप्रो थियो । (पृ.१०४), एक*पल्ट* बाजे महका टिनहरू लिएर सहर आए । (पृ.११६), आज*भन्दा* उन्नाईस वर्षअघि नरकमा पुगाउने यही थियो । (पृ.१४३), म*सँग* स्कुल पढेका दुवै जना साथीहरू मारिएका रहेछन् । (पृ.१८४) यसरी उपन्यासमा अघिसम्म, प्रति, भरिजस्ता सन्दर्भ अनुसारका विविध किसिमका उपयुक्त नामयोगीहरू चयन गरिएका छन् ।
चरीमाई उपन्यासमा प्रयोग भएका क्रियायोगीहरू यी हुन् : मैले उसको *नजिकै* गएर शोधेँ । (पृ.१९), उसैगरी चुरोट *स्वाट्ट* तान्यो फेरि उसले । (पृ.२४), हावाले *अगाडि* ल्याएको कपाल पछाडि सारिन् । (पृ.२५), एकै छिनमा हान्ने गोरु जस्तै होटलकी साहुनी भित्र आई । (पृ.६९), उनको अनुहार *पहिलाको* जस्तो थिएन । (पृ.७६), बाजे मेरो

*अगाडि* आए । (पृ.११३), देशको माया *उर्लेर* आयो । (पृ.१३८), मलाई आमाको *साह्रै* याद आयो । (पृ.१३९), होटलमा नै दुबै जनालाई *भ्याइनभ्याइ* थियो । (पृ.१४५), चरीमाईको कथा *अझै* बाँकी थियो । (पृ.१६९), पीडा भोग्नेले भन्दा अरुले *पटक्कै* महशुस गर्न सक्दैन । (पृ.१७०), मैले चिया समातेँ र *सुरुप्प* पारेँ । (पृ.१७०) । यसरी उपन्यासमा सन्दर्भअनुसारका विविध किसिमका उपयुक्त क्रियायोगीहरू चयन गरिएका छन् ।

*चरीमाई* उपन्यासमा प्रयोग गरिएका केही संयोजकहरू यी हुन् : महल देखिन्छ *तर* देखिँदैन भोक साँचेर बाँचिरहेको नदी किनारको बस्ती जो एकपेट पाल्न बाँचिरहेछ आफ्नै सपना । (पृ.९), हिजोका दिनमा मैले गाउँलाई *जसरी* हेर्थें आज *त्यसरी* हेर्ने अवस्था थिएन । (पृ.३७), उनका *र* मेरा आँखा जुधे । (पृ.४१), यदि मेरा आमा बाले बाहिरको संसार देख्नु हुन्थ्यो *भने* मैले नरकमा जीवनको आधा समय बिताउनु पर्ने थिएन । (पृ.४७), *तर* म मेरा बा *र* आमालाई छोडेर त्यति टाढा जान सक्ने अवस्थामा थिइन । (पृ.५७), उ त्यति भनेर मेरो प्रश्न *वा* उत्तर नपर्खेर नै गएकी थिई । (पृ.६२), पहिला तेरो पेटमा भएको बच्चालाई जन्म दे *त्यसपछि* सुरू हुन्छ तेरो यात्रा । (पृ.१२५), मेरो खुसी *र* हाँस्ने कला त बम्बैको कोठीले खाएको थियो । (पृ.१४०), तिमीले *जे* भन्छौ *त्यही* मान्छु । (पृ.१४४) । यसरी उपन्यासमा सन्दर्भअनुसारका विविध किसिमका उपयुक्त संयोजकहरू चयन गरिएका छन् ।

*चरीमाई* उपन्यासमा प्रयोग भएका विस्मयादिबोधक यी हुन् : काठमाडौं आएको पनि दर्जन वर्ष भइसकेको थियो । (पृ.८), अहो ! यो मनको खेल पनि बडो विचित्रको छ । (पृ.८), ओ दाइ ! राम्रोसँग समातेर बस्नु है खसिएला फेरि । (पृ.२४), ए ! तिमी पो खुसी लाग्यो । (पृ.३८), मैले धन्दा गर्नु पर्ने ! (पृ.६५), तिम्री मितिनी छोरी त बम्बैया हो रे नि ! (पृ.१०४) यसरी चरीमाई उपन्यासमा प्रशस्त मात्रामा विस्मयादिबोधक भाव व्यक्त भई पद र चिह्न प्रयोगमा सामन्जस्यता आएको हुँदा सान्दर्भिक प्रयोग भएका छन् ।

*चरीमाई* उपन्यासमा प्रयोग गरिएका निपात शब्दहरू यी हुन् : उहाँ दाइको समुन्द्रटार झर्ने । (पृ.११), “किन तपाईंको घडी चल्दैन *र ?*” (पृ.१२), अनि तपाईंको चलानी लिएर हिँड्नुस् *न* । (पृ.१३), “के नाम हो *नि* तिम्रो ?” (पृ.२५), साना साना कुराले नै *त* हो मान्छे खुसी हुने पनि दुःखी हुने *पनि* । (पृ.३८), मैले *त* नपढेर पनि आफ्नो सोझो धन्दा गरेर खाएकै छु *नि* । (पृ.५३), मैले पनि विस्तारै भने *त* सुत नि *ल* । (पृ.६९), हेप्नुको पनि हद हुन्छ *नि* । (पृ.१०७), *न त* मेरो चाहाना विपरीत बाजेले केही बोले *नै* । (पृ.११६), अब सोँचेर के फाइदा थियो *र ?* (पृ.१२६), त्यो ठाउँमा कति नै बसेकी थिएँ *र ?* (पृ.१३८), विवाह गरेर पछि मलाई दुःख *त* दिँदैनौ *नि ?* (पृ.१४४), तर सोचेजस्तो कहाँ हुनु *र* । (पृ.१५७), यो दुनियाँमा ज्यान जोगाउने ठूलाले मात्र *त* हो *नि ?* (पृ.१५९), *त* केन्द्रीय क्याम्पसको पुस्तकालयका बारेमा पहिला पनि चर्चा हुने गर्थ्यो । (पृ.२०३), जीवन भनेको *नै* सिकाईको एक लामो प्रक्रिया रहेछ । (पृ.२०५), के उनीहरूले यो विषयमा भोगेर नै बोलेका हुन् *त ?* (पृ.२०७), नैतिक शिक्षा दिने गुरु आफू कति नैतिकवान छु भन्ने कुरा थाहा पाउनु पर्छ *कि* पर्दैन । (पृ.२०८), मलाई *चैं* समयले छोडेर गयो । (पृ.२१३) यसरी उपन्यासमा सन्दर्भअनुसारका विविध उपयुक्त निपातहरू चयन गरिएका छन् ।

**चिह्न चयन**

*चरीमाई* उपन्यासमा पूर्णविराम, प्रश्नचिह्न, उदगार चिह्न, अल्पविराम, अर्धविराम, विसर्ग चिह्नहरूका प्रयोग गरिएका छन् । पूर्णविराम चिह्नको प्रयोगका उदाहरण यी हुन् : समयसँगको यो रफ्तारमा घुम्ती र मोडहरूमा कति बटारियो जिन्दगीको स्टेरिङ आफैलाई थाहा छैन । कति कुदाउन सकियो सजिलो बाटोमा सहज रूपले जिन्दगी नामको गाडी । कतिपल्ट पल्टियो, कति ठाउँमा दुर्घटनामा पऱ्यो । तर आजसम्म चलेकै छ जिन्दगी यो सहरमा । यो सहर कतिको रहर हो कतिको बाध्यता । भन्न त भन्छन सबैले सहरमा अवसर छ । सुविधा छ । सुदूरवस्तीकाहरूको सपना छ सहरमा । (पृ.९) , सुदुरवस्तीकाहरूको सपना छ सहरमा । (पृ.९), विहानको चौथो प्रहरपछि ओच्यानमा पल्टिएर कल्पना गरेका तरङ्गहरू सूर्यको किरण आईपुगेपछि स्वतः स्खलित भए । (पृ.९),

हावाले अगाडि ल्याएको कपाल पछाडी सारिन् । (पृ.२५), कल्पनाका हजारौँ धर्साहरू आए । ती कति मूर्त जस्ता थिए । कति अमूर्त जस्ता थिए । (पृ.२७), प्रमूख जिल्ला अधिकारीसँग केही समय कुरा गर्दा थाहा भयो । (पृ.३३), तर के गर्नु कमजेरलाई रिस धेरै उठ्छ भनेको यही होला सायद । (पृ.१३६), प्रेममा अगाडि नै केही कुराको पनि निर्धारण हुँदैन । (पृ.१९५) यसरी उपन्यासमा पूर्णविरामको अधिक रूपमा प्रयोग गरिएको छ । प्रश्न चिह्न, अल्पविराम आदि राख्नुपर्नेमा अत्यधिक मात्रामा पूर्णविराम चिह्नको प्रयोग गरिएको छ । यसले अर्थमा सहजता ल्याउन सकेको छैन । भनाइलाई पूर्णता नदिईकन पूर्णविराम चिह्नको अत्यधिक प्रयोग गरी अर्थलाई टुक्राटुक्रा पर्दा वेगको भावनाले पूर्णता पाएको छैन । पूर्णविराम चिह्नको यस्तो अस्वभाविक प्रयोग उपन्यासमा प्रशस्त पाइन्छन् । *चरीमाई* उपन्यासमा प्रयोग गरिएको प्रश्न चिह्नको प्रयोग यसरी गरिएका छन् : "फेरी पनि मान्छे किन लोभ गर्छन् होला ?" (पृ.१९), घर कहाँ होला ? पढ्न पर्ने उमेरको मान्छे किन यसरी गाडीमा हिँडेको होला ? (पृ.२४), "भाले गाडी हो भाले । यस्तो जाबो हिलोमा कहाँ फस्छ ?" (पृ.२५), मैले उसको अनुहारमा हेर्दै भनेँ, दिदी हजुरले के भन्नु भएको ? मेरो लोग्ने कता गायो ?(पृ.६४), एक जना नेपाली छोरीलाई उसको लोग्नेले किन बेच्छ ? कसरी यस्तो काम गर्न सक्छ ? (पृ.६५), कसले भन्यो हजुरलाई ? को धन्दावाली ? कस्ती धन्दावाली ? (पृ.१०७), ए छोरा खाना खाएर जाँदा हुँदैन घर ? (पृ.१७०), आखिर यो युद्ध कहाँ गएर सकिन्छ होला ? (पृ.१८८), पढाइको बहाना गरेर कसैले पिछा गरेको पो हो कि ? (पृ.१९४), मैले कहिल्यै नदेखेको मान्छेले त्यसरी कसरी प्रेम गर्न सक्छ ? (पृ.१९५), मान्छेले त नसुनेको विलाप सुन्ला र एउटा पत्थरले ? (पृ.२१६) यसरी प्रयोग गरिएका प्रश्न चिह्नका अतिरिक्त, उपन्यासमा प्रशस्त मात्रामा भाव र सन्दर्भअनुसार प्रश्न चिह्नको प्रयोग गरिएका छन् ।

*चरीमाई* उपन्यासमा प्रयोग भएका केही अल्पविराम चिह्नका प्रयोग यी हुन् : छहरे, धानसिङ, ढिकुरे, फेदिवेसी, नयाँपुल, नयाँपुल, बाहुनबेसी, खरानीटार, सातबिसे, कोषगाडे, समुन्द्रटार, रामती, दुप्चेश्वर । (पृ.१३), पिच गरेर पनि उप्कीसकेको बाटो, नेताहरूको राजनीति गर्ने प्रमुख भुद्दा भएको पनि बर्षौं भयो । (पृ.२६), मान्छेको जिन्दगी चर्केको हुन्छ, घर चर्किनु त के कुरा । (पृ.४१), हामीले गर्ने पेशा भनेको नै खेतिपाती, बालीनाली थियो । ( पृ.४७), आलुको कुरा आयो, अहिले आलु पोलौँ । (पृ.४९), मैले उसको अनुहारमा हेर्दै भने, दिदी हजुरले के भन्नु भएको ? (पृ.६४), बाँचे संसार देख्न पाइन्छ भन्नेहरू, यसरी बाँचेकाहरूको यो नरकको संसार देख्लान् कि नदेख्लान् ? (पृ.९६), खोलाको किनारमा पुगेँ, खोला उसैगरी सुसाईरहेको थियो जसरी मेरो मन । (पृ.१०२), तादीको किनारमा बालुवा बोकेर, गिट्टी कुटेर मेले केही पैशा जम्मा पारेकी थिएँ । (पृ.१०६), यो त सरासर हजुरलाई मेले गरेको प्रेम, मेरो सम्मान, मेरो विश्वास र मेरो भरोसामाथि छुरा हानेको जस्तै होइन र ? (पृ.११४) । यसरी देखाइएका अल्पविराम चिह्नका प्रयोगका अतिरिक्त उपन्यासमा प्रशस्त मात्रामा अल्पविराम चिह्नहको प्रयोग गरिएका छन् । *चरीमाई* उपन्यासमा प्रयोग भएका केही उद्‌गार चिह्नका प्रयोग यी हुन्: यसो सम्झेँ अहो, काठमाडौं आएको पनि दर्जन वर्ष भइसकेको थियो । (पृ.८), अर्को गाडीको सहचालक आएर स्टेरिङ्मा बसेको ड्राइभरलाई भन्यो । "दाइ स्टार्ट गर्नु न । अब त १० मिनेट जति छ । अनि तपाइँको चलानी लिएर हिँड्नुस् न ।", तिम्री मितिनी छोरी त बम्बैया हो रे नि । (पृ.१०४), साँच्चै रिसाएकी तँ मसँग । (पृ.११३) यसरी चरीमाई उपन्यासमा विस्मययुक्त भाव व्यक्त भएका प्रशस्त मात्रामा वाक्यहरू भए तापनि उद्‌गार चिह्नको प्रयोग एकदमै सीमित मात्रामा गरिएको छ । *चरीमाई* उपन्यासमा प्रयोग भएका केही उद्धरण चिन्ह विचलनका उदाहरण यी हुन् : सहचालक उसैगरी करायो, छहरे, थानसिङ, ढिकुरे, फेदिबेसी, नयाँपुल, बाहुनबेसी, खरानीटार, सातबीसे, कोषगाडे, समुन्द्रटार रामती, दुप्चेश्वर । (पृ.२०), अर्को गाडीको सहचालक आएर स्टेरिङ्मा बसेको ड्राइभरलाई भन्यो । "दाइ स्टार्ट गर्नु न । अब त १० मिनेट जति छ । अनि तपाइँको चलानी लिएर हिँड्नुस् न ।" (पृ.१३) । यसरी चरीमाई उपन्यासमा प्रत्यक्ष कथनमा राख्नुपर्ने उद्धरण चिह्नको प्रयोग अति कम मात्रामा प्रयोग गरिएको छ ।

## निष्कर्ष

चयनका आधारमा *चरीमाई* उपन्यासको विश्लेषण शीर्षकको प्रस्तुत लेखमा उपन्यासकार अञ्जना पौडेल 'अनुश्रुती'द्वारा रचना गरिएको *चरीमाई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको छ। यसमा चयनका आधारमा गरिएको अध्ययनको निष्कर्ष उल्लेख गरिएको छ। उपन्यासमा भाव, परिवेश र पात्रअनुकुल हुने गरी चयनका सान्दर्भिक प्रयोग गरिएका छन्। यसले उपन्यासको बाह्य सौन्दर्य बढ्नुका साथै भावगत गहनतालाई जीवन्त तुल्याएको छ। चयनको सार्थक प्रयोगले उपन्यासको भाव र अर्थपक्ष सौन्दर्यपूर्ण बनेको छ। प्रतीकात्मक, लक्ष्यार्थ, व्यञ्जनामूलक भाषिक एकाइ, उखान र टुक्काको प्रयोगले उपन्यासमा आकर्षण थप्नुका साथै प्रस्तुतिमा सौन्दर्य बढाएको छ। प्रतीकात्मक भाषिक प्रयोग गरी अभिव्यक्तिलाई आकर्षक तुल्याई लक्ष्यार्थ र व्यञ्जनामूलक भाषिक एकाइको प्रयोग गरिएको छ। उपन्यासकारले *चरीमाई* उपन्यासमा भाषिक सौन्दर्य र अर्थगत सामर्थ्य बढाउन चयनको उपयोग गरेको पाइन्छ। त्यस्तै प्रस्तुतिलाई चमत्कारपूर्ण तुल्याउन चयनका विभिन्न सान्दर्भिक रूपमा प्रयोग गरिएको छ। चिह्न चयन र भावमा केही असामञ्जस्यता रहे तापनि चयनका दृष्टिले उपन्यास उपयुक्त छ। उपन्यासमा भाव, परिवेश र पात्रअनुकुल हुने गरी चयनको सान्दर्भिक प्रयोग गरिएको छ। चयनको सार्थक प्रयोगले उपन्यास सुन्दर र रोचक बन्न पुगेको साथै उपन्यासको अर्थ तथा भावपक्ष सौन्दर्यपूर्ण बन्न गएको निष्कर्ष निकालिएको छ।

## सन्दर्भ सामग्री

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र (* दोस्रो संस्क.), सनलाइट पब्लिकेसन प्रा.लि.।

ढकाल, शान्तिप्रसाद (२०६०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* (ते.संस्क.), विद्यार्थी पुस्तक भण्डार।

ढकाल, शान्तिप्रसाद (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* शुभकामना प्रकाशन।

पौडेल, अन्जना (२०८०), *चरीमाई,* इन्डिगो इन्क प्रा.लि.।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* हेरिटेज पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स प्रा.लि.।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* साझा प्रकाशन।

भुसाल, केशव (२०७८), *प्रायोगिक भाषा विज्ञान,* क्वेस्ट पव्लिकेसन प्रा.लि.।

लुइटेल, खगेन्द्र (२०६२), *कविताको संरचनात्मक विश्लेषण.* विद्यार्थी पुस्तक भण्डार।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

शर्मा, मोहनराज (२०६८), *शैलीविज्ञान र शैली, रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खन्ड), रत्न पुस्तक भण्डार।